# संवत् २०८० साल मङ्सिर २८ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | क्यानेडियन स्वयंसेवक परिचालनसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने। |
| २. | अर्थ मन्त्रालय | फिनल्याण्डको हेलसिन्कीमा आयोजना हुने INTOSAI को बाइसौं वार्षिक बैठक तथा तालिममा सहभागी हुन उपमहालेखापरीक्षक पदमराज पौडेललाई स्वीकृति दिने। |
| ३. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | घुन्सा खोला जलविद्युत आयोजनाको लागि ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका स्थित करिब ३२९ रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| ४. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | पूर्व-पश्चिम विद्युतीय रेलमार्गको निजगढ-बर्दिबास खण्डमा पर्ने घर/टहरा तथा जग्गाहरुको मुआब्जा/क्षतिपूर्ति/राहत स्वरुप क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति दिने। |
| ५. | रक्षा मन्त्रालय | नेपाली सेनाका उपरथी अशोकराज सिग्देललाई रथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने। |
| ६. | रक्षा मन्त्रालय | नेपाली सेनाका सहायक रथी सन्तोष बल्लभ पौडेललाई उपरथी दर्जामा बढुवा गरी पदस्थापन गर्ने। |
| ७. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल सरकार र कतार सरकारबीच सांस्कृतिक क्षेत्रमा एकापसमा सहयोग आदानप्रदानसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्न स्वीकृति दिने। |
| ८. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | दुल्लू नगरपालिका दैलेख, फलेवास नगरपालिका पर्वत, गल्कोट नगरपालिका बाग्लुङ, जलजला गाउँपालिका पर्वत, कालिमाटी गाउँपालिका सल्यान, पाँचखपन नगरपालिका संखुवासभा, छत्रदेव गाउँपालिका अर्घाखाँची, अर्नमा गाउँपालिका सिरहा, गल्छी गाउँपालिका धादिङ, गोलबजार नगरपालिका सिरहा, मध्यपुर थिमि नगरपालिका, भक्तपुर, बर्दिबास नगरपालिका महोत्तरी, हरिनगर गाउँपालिका सुनसरी र राजपुर नगरपालिका रौतहटलाई स्थानीय तहको परियोजनाको लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने। |
| ९. | विद्युत खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरण सम्बन्धी कार्ययोजना, २०८० स्वीकृत गर्ने। | |
| १०. | नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन राष्ट्रिय नीति, स्वीकृत गर्ने। | |
| ११. | वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने। | |
| १२. | हातहतियार खरखजना नियमावली (बाह्रौ संशोधन), २०८० स्वीकृत गर्ने। | |
| १३. | कर्जा सूचना सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धित मन्त्रालयमा फिर्ता गर्ने। | |
| १४. | राष्ट्रिय वृहत् जलाधार व्यवस्थापन रणनीति स्वीकृत गर्ने। | |
| १५. | नेपाल परराष्ट्र सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त १ पदमा सहसचिव श्री सेवा लम्साललाई बढुवा गर्ने। | |
| १६. | राजपत्राङ्कित विशिष्ट श्रेणीका श्री सुरेश आचार्यसमेतका सात जना सचिवहरूको सरूवा गर्ने। | |